PRABHU STOCK | 99 Broker No.

(A Subsidiary Of Prabhu Bank Limited)

# प्रभु स्टक मार्केट लिमिटेड
Prabhu Stock Market Limited


बुद्धनगर, का.म.न.पा.-१०, काठमाडौं
फोन नं.: ०१-५९०४२७१/५९०४२७२


अनुसूची - १२

(धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा व्यापारी) नियमावली २०६४ को नियम २९(१)सँग सम्बन्धित)

(धितोपत्र केन्द्रिय निक्षेप सेवा विनिमयवली २०६८को विनिमय २० सँग सम्बन्धित)

# प्राकृतिक व्यक्तिको परिचय विवरण
# Details of Natural Person

## कार्यालय प्रयोजनका लागि मात्र (For Office Use Only)

| | | | |
|---|---|---|---|
| आवेदन नम्बर : Application No.: | | मिति : Date: | D D M M Y Y Y Y |
| ग्राहक नम्बर : Client Account No.: | | संकेत नम्बर : Reference No.: | |

तल उल्लिखित सम्पूर्ण विवरण राम्रोसँग भर्नुपर्नेछ । आफूसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।
Please complete all details and strike out the non-applicable fields/boxes.

हालसालै खिचिएको फोटो
PP Size Photo (Recent)

फोटोमा पर्ने गरि हस्ताक्षर गर्ने ।

## प्रभु स्टक मार्केट लिमिटेड
Prabhu Stock Market Limited

.................................... (शाखा /Branch)

खाताको किसिम: Types of Account : ☐ आवासीय Resident ☐ गैर आवासीय नेपाली Non Resident Nepalese/NRN ☐ विदेशी Foreigner

## ग्राहकको विवरण (Details of Client)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नाम थर (देवनागरीमा) | | | | | | | |
| Full Name (In Block Letter) | | | | | | | |
| जन्ममिति Date of Birth | वि.सं. B.S. | D D M M Y Y Y Y | | ई.सं. A.D. | D D M M Y Y Y Y | | |
| लिङ्ग Gender | ☐ पुरूष Male ☐ महिला Female ☐ अन्य Others | ☐ विवाहित Married ☐ अविवाहित Unmarried ☐ अन्य Others ☐ नाबालक Minor | | स्थायी लेखा नं. PAN No. | | | |
| राष्ट्रियता Nationality | ☐ नेपाली Nepali ☐ अन्य (खुलाउने) Others (if any) | राष्ट्रिय परिचयपत्र नं. National ID card No. | | जारी मिति Issue Date | | | |
| नागरिकता नं./नाबालक भएमा जन्मदर्ता प्रमाणपत्र नं. Citizenship No./if Minor birth certificate No. | | जारी मिति Issue Date | | जारी जिल्ला Issue District | | | |
| राहदानी नम्बर Passport No. | | जारी मिति Issue Date | | म्याद सकिने मिति Expire Date | | जारी ठाउँ Issue Place | |
| हितग्राही खाता खोलिएको संस्थाको नाम Company Name of Beneficiary Account | | | | | | | |
| हितग्राही खाता नं. Beneficiary ID No | | | | | | | |

## गैर आवासीय नेपालीका लागि ( For Non Resident Nepalese/NRN):

| | | | | | |
|---|---|---|---|---|---|
| वैदेशिक ठेगाना Foreign Address | देश Country | | शहर City | | |
| | राज्य State | | परिचयपत्र नं. Identification No. | | |
| परिचयपत्रको किसिम Types of Identity Card | | जारी गर्ने निकाय Issurance Authority | | जारी मिति Issue Date | |

## स्थायीको ठेगाना ( Permanent Address)

| | | | | | |
|---|---|---|---|---|---|
| देश Country | | प्रदेश Province | | जिल्ला District | |
| गा.पा/न.पा/उ.म.नपा/म.न.पा Rural Municipality/Municipality/Sub-Metropolitan city/Metropolitan city | | वडा नं. Ward no | | टोल Tole | |
| ब्लक नं. Block No. | | टेलिफोन नं Telephone No | | मोबाइल नं. Mobile No. | |
| इमेल Email ID | | | | | |

## हालको ठेगाना (Current Address) (स्थायी ठेगानाभन्दा बेग्लै भएमा)

| | | | | | |
|---|---|---|---|---|---|
| देश Country | | प्रदेश Province | | जिल्ला District | |
| गा.पा/न.पा/उ.म.नपा/म.न.पा Rural Municipality/Municipality/Sub-Metropolitan city/Metropolitan city | | वडा नं. Ward no | | टोल Tole | |
| ब्लक नं. Block No. | | टेलिफोन नं Telephone No | | मोबाइल नं. Mobile No. | |
| इमेल Email ID | | | | | |

निवेदकको हस्ताक्षर/ Signature : ..........................................

## परिवारका सदस्यहरूको विवरण (ठाउँ नपुग भएमा थप गर्न सकिने) (Details of Family Members)

| | |
|---|---|
| बाबुको नाम | |
| Father's Name (In Block Letter) | |
| आमाको नाम | |
| Mother's Name (In Block Letter) | |
| बाजेको नाम | |
| Grand Father's Name (In Block Letter) | |
| पति/पत्निको नाम | |
| Spouse Name (In Block Letter) | |
| छोराको नाम | |
| Son's Name (In Block Letter) | |
| छोरीको नाम (अविवाहित) | |
| Daughter's Name (In Block Letter) | |
| बुहारीको नाम | |
| Daughter in Law's Name (In Block Letter) | |
| ससुराको नाम | |
| Father in Law's Name (In Block Letter) | |
| सासुको नाम | |
| Mother in law's Name (In Block Letter) | |

## पेशागत विवरण (Details of Occupation)

| | | | | |
|---|---|---|---|---|
| पेशा Occupation | ☐ सेवा Service ☐ सरकारी Government ☐ सार्वजनिक/निजी क्षेत्र Public/Private Sector ☐ एन.जि.ओ/आइ.एन.जि.ओ NGO/INGO ☐ विशेषज्ञ Expert<br>☐ व्यापार Business ☐ विद्यार्थी Student ☐ कृषि Agriculture ☐ सेवा निवृत्त Retired ☐ गृहिणी House wife ☐ अन्य Others | | | |
| व्यापारको प्रकार Type of Business | ☐ उत्पादन Manufacturing ☐ सेवामुखी Service Oriented ☐ अन्य Others | | | |
| संस्थाको नाम Organization's Name | | ठेगाना Address | | |
| पद Designation | | कर्मचारीको हकमा कर्मचारी परिचयपत्र नं. Id No of Employee | | |
| आर्थिक विवरण Financial Details | आयको सीमा (वार्षिक विवरण) Income Limit (Annual Details)<br>☐ रू. १००००० सम्म Upto Rs 100000 ☐ रू १००००१ देखि रू ५००००० सम्म Rs100001 to 500000 ☐ रू ५००००१ देखि रू १०००००० सम्म From Rs 500001 to Rs 1000000 ☐ रू १०००००० भन्दा माथि Above Rs 1000000 | | | |

## बैंक खाताको विवरण (Bank Account Details)

| | | |
|---|---|---|
| बैंक खाताको किसिम Type of Bank Account | ☐ बचत खाता Saving Account ☐ चल्ती खाता Current Account | |
| बैंक खाता नम्बर Bank Account Number | | |
| बैंक खाता भएको बैंकको नाम र ठेगाना Name & Address of Bank | | शाखा Branch |

निवेदकको हस्ताक्षर/ Signature : ..........................................

## कारोबार सम्बन्धी थप विवरण (Transaction related additional information)

१. आम्दानीको श्रोत ☑ लगाउनुहोस् : ☐ व्यावसायिक आम्दानी ☐ तलव/पारिश्रमिक ☐ लगानी प्रतिफल ☐ घरभाडा ☐ धितोपत्र कारोवार
☐ विप्रेषण ☐ पैतृक ☐ ब्याज अन्य उल्लेख गर्नुहोस् ........................

२. अन्य धितोपत्र दलाल कम्पनीमा कारोबार गर्ने गरेको : ☐ छैन ☐ छ

छ भने कम्पनीको नाम........................ ग्राहक कोड ........................

३. तपाईँ कर्जा सूचना केन्द्र (सुरक्षण निगम) लिमिटेडको कालोसूचीमा रहनुभएको छ ? ☐ छैन ☐ छ

धितोपत्र खरिद/बिक्री गर्ने मुख्य उदेश्यले स्थापित इन्भेष्टमेन्ट कम्पनीमा संलग्न भएमा देहायबमोजिमको विवरण उल्लेख गर्नुपर्ने ।
Involvement in investment companies which were established for securities trading (if yes mention below) ☐ छैन No ☐ छ Yes

कम्पनीको नाम :
Name of the Company: ☐

पद :
Designation: ☐ सञ्चालक Director ☐ पदाधिकारी Executive ☐ शेयरधनी Shareholder ☐ कर्मचारी Employee ☐ अन्य Others

## संरक्षकको विवरण (नाबालक/विक्षिप्तको हकमा मात्र) (Guardian's Details (In Case of Minor/Intellectually Disabled only)

| | | | | | |
|---|---|---|---|---|---|
| नाम थर (देवनागरीमा) | | | निवेदकसँगको सम्बन्ध Relationship With Applicant | | |
| Name/Surname (In Block Letter) | | | | | |
| पत्राचार ठेगाना Correspondence Address | | | | | |
| देश Country | | प्रदेश Province | | जिल्ला District | |
| गा.पा/न.पा/उ.म.नपा/म.न.पा R Mun/Mun/Sub-Met/Metropolitan | | वडा नं. Ward No. | | टोल Tole | |
| टेलिफोन नं. Telephone No. | | मोबाइल नं. Mobile No. | | स्थायी लेखा नं. PAN No. | |
| इमेल E-mail | | | | | |

औँठा छाप (Thumb Print)

दायाँ बायाँ

संरक्षकको हस्ताक्षर
Guardian's signature

संरक्षकको हालसालै खिचिएको फोटो
Guardian's
PP Size Photo
(Recent)
फोटोमा पर्ने गरि हस्ताक्षर

## इच्छाइएको व्यक्तिसम्बन्धी विवरण (Nominee Details)

मेरो मृत्यु भएको अवस्थामा वा मैले नसकेको अवस्थामा देहायको व्यक्तिले मेरो नाममा भएको सम्पूर्ण धितोपत्रको हकदावी गर्न पाउने छ । In the event of my death or incapacity the following named nomiee shall be entitled to the balance of my demat account.

| | | | | | |
|---|---|---|---|---|---|
| नाम थर (देवनागरीमा) | | | निवेदकसँगको सम्बन्ध Relationship With Applicant | | |
| Name/Surname (In Block Letter) | | | | | |
| पत्राचार ठेगाना Correspondence Address | | | | | |
| देश Country | | प्रदेश Province | | जिल्ला District | |
| गा.पा/न.पा/उ.म.नपा/म.न.पा R Mun/Mun/Sub-Met/Metropolitan | | वडा नं. Ward No. | | टोल Tole | |
| टेलिफोन नं. Telephone No. | | मोबाइल नं. Mobile No. | | स्थायी लेखा नं. PAN No. | |
| इमेल E-mail | | | | | |

औँठा छाप (Thumb Print)

दायाँ बायाँ

इच्छाइएको हस्ताक्षर
Signature of Nominee's

इच्छाईएको व्यक्तिको हालसालै खिचिएको फोटो
Nominee's
PP Size Photo
(Recent)

## बहालमा बस्नेको हकमा

घरधनीको नाम ........................ टेलिफोन नं. ........................ मोबाइल नं. ........................

जिल्ला ........................ गा.पा/न.पा/उ.म.न.पा/म.न.पा. ........................वडा नं......... टोल........................ घर नं.........

**निवेदकको हस्ताक्षर**/ Signature : ........................................

हाल बसोबास रहेको स्थानको नक्सा
Location Map

N ↑

From main Road Street........................................................................ The distance of the Residence is............................................ Meters (approximately)

## सम्पति शुद्धिकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय निवारणसम्बन्धी थप विवरण

१. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्ति हुनुहुन्छ ? ☐ हो ☐ होइन

२. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्तिसँग सम्बन्धित हुनुहुन्छ ? ☐ छु ☐ छैन

सम्बन्धित राजनैतिक/उच्च पदस्थ व्यक्तिको नाम .................................................... तपाईसँगको सम्बन्ध ..............................

३. के तपाईको हिताधिकारी व्यक्ति छ ? ☐ छैन ☐ छ

हिताधिकारी व्यक्तिको नाम .................................................... तपाईसँगको सम्बन्ध ..............................

४. के तपाई विगतमा कुनै सम्बन्ध कसूरमा दोषी प्रमाणित हुनुभएको छ ? ☐ छैन ☐ छ

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्) निवारण ऐन,२०४६ को दफा २ को खण्ड (श) बमोजिमका कसुरहरू छ भने कृपया तल उल्लेख गर्नुहोस् ।

..............................................................................................................................................

## धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछ' ।

१. मैले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।
२. धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छु ।
३. मैले खरिद गरेको धितोपत्रहरू वापतको भुक्तानी लिने दिने कार्य तोकिएको समयभित्र गर्दछु ।
४. म धितोपत्रसम्बधी तथा अन्य प्रचलित नियम कानुनहरूको पालना गर्दछु ।
५. म कर्जा सुचना केन्दको कालोसुचीमा रहेको छु/छैन ।
६. सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०४६ र यस अन्तर्गत जारी भएका नियमावली तथा निर्देशन आदिबाट माग भए अनुसारका सूचना विवरण तथा कागजातहरू कम्पनीलाई उपलब्ध गराउने छु ।
७. कम्पनीलाई गर्नुपर्ने भुक्तानी नगरी बाँकी राखेको कारणबाट मेरो कारोबार अन्य धितोपत्र दलाल कम्पनीहरूमा समेत निलम्बन गर्न पत्राचार वा परिपत्र गर्न मेरो मञ्जुरी छ ।

## संलग्न गर्नुपर्ने कागजात

१. नेपाली नागरिकहरूको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. अन्य देशका नागरिकहरूको हकमा राहदानीको प्रतिलिपि ।
३. नाबालकको हकमा संरक्षक तथा नाबालक दुबैको फोटो तथा संरक्षकको व्यक्तिगत विवरण (KYC) र नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
४. कानुनी संरक्षक भए सोसम्बन्धी कागजात ।
५. आमा वा बाबु संरक्षक भएमा छोरा वा छोरीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप ।
७. कुनै संस्थाको कर्मचारी रहेको हकमा कर्मचारी भए परिचयपत्रको प्रतिलिपि ।
८. हितग्राही खाताको विवरण ।
९. इच्छाइएको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा पासपोर्ट आकारको फोटो ।

माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानुन बमोजिम सहुँला, बुझाउँला ।
I /we hereby acknowledge that the above disclosed details are true. I/we further hereby consent bear any legal action in case any false disclosure of information related to me /us.

ग्राहकको औँठा छाप (Client's Thumb Print)

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिसकर्ताको नाम :..............................................

फोन नं. .............................. ग्राहक नं..............................

..............................
ग्राहकको हस्ताक्षर
Client's signature

## कार्यालय प्रयोजनको लागि (For Official Use)

Checked & Verified by
Signature:
Name:
Designation:
Date :

Office Stamp

Approved by
Signature:
Name:
Designation:
Date :

Risk Categroy: Low Risk ☐ Medium Risk ☐ High Risk* PEP ☐ Yes* ☐ No ☐ PEP ☐ Associate PEP

Referer Name: ______________________ Contact No. ______________________

prabhu STOCK 99 Broker No.
(A Subsidiary Of Prabhu Bank Limited)

प्रभु स्टक मार्केट लिमिटेड
Prabhu Stock Market Limited
बुद्धनगर, का.म.न.पा.-१०, काठमाडौं
फोन नं.: ०१-५९०४२७१/५९०४२७२

# धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनियम १० संग सम्बन्धित कारोवार सदस्य र ग्राहक बिचको सम्झौतापत्र

आज ...................................... बार, मिति ............................................ का दिन कम्पनी रजिस्ट्रारको कार्यलयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्चेन्ज लिमिटेडको कारोबार सदस्य रहेको ................................................................... मा रजिस्टर्ड कार्यालय भएको श्री ........................................................................................ (उप्रान्त प्रथम पक्ष भनिनेछ)

**तथा**

प्रथम पक्ष मार्फत धितोपत्रको कारोबार गर्न/अनलाईन सुविधा प्रयोग गर्ने ग्राहक संकेत नम्बर (युनिक क्लाईन्ट कोड) ......................................... रहेको ...................... ...................................... स्थायी ठेगाना भई हाल ...................................................... स्थानमा बसोबास गर्ने श्री ..................................................... को नाती/नातीनी बुहारी, श्री ................................................... को छोरा/छोरी वर्ष ............ को श्री .........................................................................

**वा**

ग्राहक संकेत नम्बर (युनिक क्लाईन्ट कोड) ............................. रहेको .................................... कार्यालयमा दर्ता भई रजिस्टर्ड कार्यालय .............................. मा भएको श्री ....................................................................... ले (उप्रान्त दोस्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारी र/वा कानुनी प्रतिनिधि समेत लाई जनाउने), बीच नेप्सेको कारोवार प्रणालीबाट कारोवार हुने विधि र आफैले कारोवार गर्ने सम्बन्धमा दोस्रो पक्ष संग आवश्यक ज्ञान रहेको मानी यो सम्झौता (उप्रान्त सम्झौता भनिने छ) सम्पन्न भएको छ।

**यस सम्झौताका पक्षहरू निम्नलिखित शर्तहरू पालना गर्न मञ्जुर छन् :**

१. प्रचालित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बिमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एन्ड क्लियरिङ लिमिटेड लगायतका नियमक निकायले समय समयमा जारी गरेका निर्देशिका, परिपत्र र निर्देशन समेतलाई यसै सम्झौतामा उल्लेख भए सरह मानी सम्झौताका पक्षहरूले सोको पालना गर्न मञ्जुर गर्दछन।

२. दोस्रो पक्षले यस सम्झौता गर्दाको वखत वा यस भन्दा अघि प्रथम पक्षलाई दिएको सूचना, दोस्रो पक्षको ग्राहक परिचय विवरण (केवाइसी) मा भरेको विवरणमा कुनै फेरबदल भए, फेरबदल भएको ७ कार्य दिनभित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरू अद्यावधिक गराउन मञ्जुर गर्दछ।

३. दोस्रो पक्ष धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा, विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा वा अन्य कुनै कारणले कानूनत आर्थिक कारोवार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ।

४. दोस्रो पक्षले यस सम्झौतामा उल्लेख गरेको वा ग्राहक परिचय विवरण (केवाइसी) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाइल नम्बरमा दोस्रो पक्षले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलब्ध गराउने छ। प्रथम पक्षले उपलब्ध गराएको वा सो पश्चात दोस्रो पक्षले परिवर्तन गरेको युजरनेम वा पासवर्ड को गोपनियता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व दोस्रो पक्षको हुनेछ।

५. दोश्रो पक्षले बिक्री कारोवार गर्दा मौज्दातमा धितोपत्र रहेको वा रहने कुनै एक हीतग्राही खाता प्रथम पक्षलाई उपलब्ध गराउने छ। उक्त खाता अन्य धितोपत्र कारोवार सदस्यलाई उपलब्ध गराउने छैन। एउटै खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिइ उत्पन्न हुने जोखिमको जिम्मेवारी दोश्रो पक्षले लिनेछ।

६. दोस्रो पक्षलाई दिइएको युजरनेमवाट भएगरेको सम्पूर्ण कारोबारहरूको दायित्व बहन गर्ने तथा सो को समयमा राफसाफ गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

७. दोस्रो पक्षलाइ प्रदान गरिएको युजरनेमको प्रयोग गरी सिर्जना हुने दायित्व तथा सम्झौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानी नोक्सानी भएमा सो प्रति दोस्रो पक्ष जिम्मेवार हुनेछ।

८. दोस्रो पक्षले आफ्नो युजरनेम प्रयोग गरी वा प्रथम पक्षलाई आदेश दिई बिक्री भएका धितोपत्रहरूको निर्देशन पूर्जी जारी गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ। यसरी बिक्री भएको धितोपत्रको हस्तान्तरण दोस्रो पक्षले टि+१ को १२ बजे भित्र प्रथम पक्षको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोवारको राफसाफ हुन नसकेमा सो बाट सिर्जित सम्पूर्ण दायित्व दोस्रो पक्षले वहन गर्नुपर्नेछ।

९. दोस्रो पक्षले धितोपत्र बिक्री गरिसकेपछि सो धितोपत्रको आधार मूल्य प्रथम पक्षलाई राफसाफ समयको १ (एक) दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ। आधार मूल्य समयमा उपलव्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने कानूनी तथा आर्थिक दायीत्व वा हानी नोक्सानी दोस्रो पक्षले व्हर्होनु पर्नेछ।

१०. दोस्रो पक्षले विक्री गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरू तथा प्रथम पक्ष ले धितोपत्र खरीद विक्री सम्वन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकम मात्र प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछ।

११. दोस्रो पक्षले खरिद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नु पर्नेछ। दोस्रो पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकमको गुणा सम्म कारोवार लिमिट प्राप्त गर्न सक्नेछ। उक्त कारोबार सीमा दोस्रो पक्षले बुझाएको रकमको चार गुणा भन्दा बढी हुने छैन।

१२. दोस्रो पक्षले कारोवार सीमाका लागि प्रथम पक्षलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य विद्युतीय माध्यमबाट गर्नुपर्नेछ।

१३. दोस्रो पक्षले कारोबार प्रयोजनका लागि प्रथम पक्षलाई उपलब्ध गराएको रकम तथा धितोपत्र कारोवार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ।

१४. दुवै पक्षको आपसी सहमतिमा दोस्रो पक्षले प्रथम पक्षलाई कारोबार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोवारयोग्य धितोपत्रहरूको माध्यमबाट पनि गर्न सक्ने छ। यस्तो धरौटी दोश्रो पक्षले आफनो दायीत्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्ने छ।

१५. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबारयोग्य धितोपत्रको मूल्यांकन बजार मूल्यको बढिमा ७० प्रतिशत सम्म गर्न सकिनेछ। धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको कारोबार सीमा दोस्रो पक्षलाई जानकारी गराई फेरबदल गर्न सक्नेछ।

१६. खरीद कारोबारपछि बाँकी रहेको रकम खरिद बिल बमोजिम दोस्रो पक्षले टि+२ भित्रमा प्रथम पक्षको खातामा जम्मा हुने गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। यसरी रकम उपलब्ध गराउदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको भए सो रकम समायोजन गर्ने सुविधा दोस्रो पक्षलाई हुनेछ।

१७. खरिद कारोवार पश्चात दोस्रो पक्षले राफसाफ समयभित्र आफ्नो दायित्व पूरा नगरेमा टि+४ मा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराई दोस्रो पक्षकै नाममा खरिद गरिएको तथा जमानतमा लिइएको धितोपत्र विक्री, बैंक जमानतबाट रकम र सो को लागत बापतको शोधभर्ना र नपुग रकम कानून बमोजिम असुल उपर गरी लिन सक्नेछ।

१८. दोस्रो पक्षको धितोपत्र बिक्री गरी प्रथम पक्षको लेना रकम असुलउपर गरी रकम बाँकी रहेमा दोस्रो पक्षको अग्रिम भुक्तानी सम्मको रकभ दोस्रो पक्षलाई फिर्ता गरी थप रकम बाँकि रहन गए धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ।

**निवेदकको हस्ताक्षर/ Signature : ...........................................**

१९. दोस्रो पक्षले खरीद गरेको धितोपत्र खरिदबाट सिर्जित दायित्वहरू पुरा गरेपछि वा कारोवारको राफसाफको दिन मध्ये जुन पछी हुन्छ सो को भोलिपल्ट ग्राहकको निक्षेप खातामा प्रथम पक्षले धितोपत्र हस्तान्तरण गर्नु पर्नेछ।

२०. दोस्रो पक्षको नामवाट कारोवार भए पश्चात दोस्रो पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मगज बिग्रिएमा वा अन्य कुनै कारणबाट दोस्रो पक्षको नामवाट भएका कारोवारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीको हुनेछ। कानुनी उत्तराधिकारीवाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. नियमक निकायहरूवाट कारोबारहरू रद्द भएमा वा रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोवारहरू स्वतः रद्द हुनेछन। सोको दायित्व प्रथम पक्षले वहन गर्ने छैन।

२२. दोस्रो पक्ष नावालक वा कानूनतः पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ।

२३. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनै पनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन।

२४. दोस्रो पक्षले आफ्नो कारोवारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ सो प्रतिनिधिवाट भएका सम्पूर्ण कारोबारहरू निज दोस्रो पक्षले नै गरेसरह मान्य हुनेछ।

२५. धितोपत्रको कारोवार गर्दा धितोपत्रमा गरिने लगानीमा निहित रहेको जोखिम तथा प्रणालीगत जोखिमका बारेमा दोस्रो पक्ष जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति दोस्रो पक्ष नै जिम्मेवार रहने छ।

२६. दोस्रो पक्षले निम्न लिखित माध्यमबाट कारोबार आदेश दिन सक्ने छ :

| | | |
|---|---|---|
| क. स्वयं उपस्थित भई लिखित आदेश | ख. टेलिफोन ........................................... | ग. मोबाइल फोन ........................................ |
| घ. ई-मेल ............................................................. | ङ. दोस्रो पक्षको युजरनेम ............................. | च. प्रथम पक्षको वेभसाइट .............................. |
| छ. अन्य बिद्युतीय माध्यम ........................................................................................................ | | |

प्रथम पक्षले उल्लिखित माध्यमबाट आएका आदेशहरूलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टी गर्नेछ। नियम अनुसार उक्त आदेशहरूको सुरक्षित रेकर्डिङ्ग तथा भण्डारण प्रथम पक्षले गर्न सक्नेछ।

२७. दोस्रो पक्षले मार्जिन कारोबार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी सर्त तथा सुविधाहरू सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ।

२८. दोस्रो पक्षले धितोपत्र कारोवार गर्दा उक्त धितोपत्र कारोवार गर्न प्रचलित कानुन बमोजिम आफु योग्य रहेको र सो धितोपत्रमा आफुले कानून बमोजिम धारण गर्न सक्ने सीमा भित्र रहि खरीद आदेश प्रविष्ट गर्नु पर्नेछ। सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व दोस्रो पक्षको हुनेछ।

२९. प्रचलित नीति नियममा उल्लेख भए अनुसार वा सम्बन्धित निकायहरूवाट धितोपत्रको कारोवारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समयाबधि भित्र प्रथम पक्षलाई बुझाउन दोस्रो पक्ष मञ्जुर गर्दछ। दोस्रो पक्षले प्रचलित कानुन बमोजिम अवैधानिक नठहरीने रकमहरू मात्र धितोपत्रमा लगानी गर्नुपर्ने छ।

३०. (क) पक्षहरूबिच आपसी सहमतीमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ। सम्झौता रद्द गर्नु पूर्व पक्षहरूले आ-आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ।

(ख) दोस्रो पक्षले प्रथम पक्षको ग्राहक सदस्य भई टिएमएस मार्फत धितोपत्र खरिद/विक्री गर्दा धितोपत्र खरिद विक्री गरे पश्चात आफुले पुरा गर्नु पर्ने सम्पूर्ण प्रकृतिको दायित्वहरू अर्थात धितोपत्र खरिद गरेवापत नियम बमोजिम तोकिएको समयसीमा भित्रै रकम भुक्तानी गर्नु पर्ने दायित्व वा धितोपत्र विक्री गर्दा नियम बमोजिम तोकिएको समय सीमा भित्रै भ्क्क्ष गर्नु पर्ने दायित्व जस्ता विविध प्रकृतिका दायित्वहरू निशर्त पुरा गर्नु पर्ने छ। त्यसो नगरेमा सो बाट सृर्जित सबै प्रकार को दायित्वहरू दोस्रो पक्षको हुनेछ। यस सम्बन्धमा दोस्रो पक्षको पूर्ण मन्जुरी स्विकृति रहनेछ र सो सम्बन्धमा मन्जुरी स्विकृति थिएन र छैन भने काँहि कतै कुनै प्रकारको उजुर बाजुर गर्ने पाउने छैन, गरेमा स्वतः बदर हुनेछ।

३१. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भई कारोबार गर्न अयोग्य भएमा यो सम्झौता स्वतः खारेज हुनेछ। यसरी सम्झौता खारेज भए पनि बाँकी बक्यौता फछ्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ।

३२. यस सम्झौताअनुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार तोकिएको माध्यमबाट दोस्रो पक्षको अद्यावधिक ठेगानामा पठाए पश्चात दोस्रो पक्षले जानकारी पाएसरह हुनेछ।

३३. सम्झौताका दुवै पक्षहरूले नेप्से अनलाइन कारोबार प्रणालीमा क्षति पुऱ्याउने कुनै पनि कार्य गर्ने छैनन्।

३४. प्रथम पक्षले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक दोस्रो पक्षको गोपनीयता कायम गर्नेछ।

३५. पक्षहरूका बीचमा उत्पन्न हुनसक्ने विवाद तथा मतभिन्नताहरूको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ। आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ।

३६. दोस्रो पक्षले देहायका सुविधा उपयोग गरेबापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ।

○ अनलाइन कारोबार सुविधा ○ एसएमएस सुविधा ○ अन्य ............................

दोस्रो पक्षले उल्लिखित सुविधाहरू प्राप्त गर्न हरेक आर्थिक वर्षमा नवीकरण शुल्क तिर्नुपर्नेछ।

३७. यो सम्झौतामा उल्लेख तथा व्याख्या नभएका विषय प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ।

३८. दोस्रो पक्षले T+2 भित्र खरीद बापतको रकम भुक्तानी वा हिसाब मिलान नगरेको अवस्थामा भुक्तानी रोकिन गएको अवधिभरका लागि प्रथम पक्षले वाणिज्य बैंकहरूबाट उपभोग गरेको कर्जाको ब्याजदरले हुने रकम थप गरि भुक्तानी गर्न दोस्रो पक्ष मञ्जुर छ। साथै प्रथम पक्षले पनि T+2 पश्चात बिक्री बापतको रकम भुक्तानी गर्न ढिलाई गरेमा सोही बमोजिम रकम थप गरि भुक्तानी गर्न मञ्जुर गर्दछ।

३९. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट ........................................... सम्म कायम रहने छ र दुवै पक्षको सहमतिबाट सम्झौता पुनः नविकरण हुन सक्नेछ।

४०. यो सम्झौता राम्ररी पढी, बुझी दुवै पक्ष हस्ताक्षर गर्न मञ्जुर गर्दछौं।

| प्रथम पक्ष | दोस्रो पक्ष | | |
|---|---|---|---|
| प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त | दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त | | |
| व्यक्तीको नाम : | व्यक्तीको नाम : | | |
| दस्तखत : | दस्तखत : | | |
| कम्पनीको छाप : | कम्पनीको छाप : | | |
| **साक्षी** | **साक्षी** | | |
| १. .................................................................. | १. .................................................................. | दायाँ | बायाँ |

ईति सम्वत ............................ साल ............................ महिना .............................. गते रोज शुभम्।